15th of May 2026

यो आकाशवाणी हो

मुख्य समाचारहरुबाट

- प्रधानमन्त्री आफ्नो (UAE) र युरोपको छ दिने भ्रमणको पहिलो चरणअन्तर्गत आज अबुधाबी पुगे
- सिक्किमको 51औं राज्य स्थापना दिवसको अवसरमा उपराष्ट्रपतिको सहभागिता हुने
- नीट–यूजी 2026 परीक्षा पुनः 21 जुन मा सञ्चालन हुने
- प्रधानमन्त्रीको आह्वानपछि सर्वोच्च न्यायालयले इन्धन बचत उपायको गर्यो  घोषणा
- सिक्किमको प्रसिद्ध चिया बगानको मन्त्री सिन्धियाले गरे भम्रण..

----------

प्रधानमन्त्री

प्रधानमन्त्री Narendra Modi आफ्नो संयुक्त अरब इमिरेट्स (UAE) र युरोपको छ दिने भ्रमणको पहिलो चरणअन्तर्गत आज अबुधाबी पुगेका छन्। अबुधाबी विमानस्थलमा UAEका राष्ट्रपति Mohamed bin Zayed Al Nahyan ले उनलाई स्वागत गरेको थिए । प्रधानमन्त्री मोदीको सम्मानमा औपचारिक स्वागत समारोह आयोजना गरिएको थियो। साथै, UAE का F–16 लडाकु विमानहरूले अमिरातको हवाई क्षेत्रमा प्रवेश गर्दा उनको विमानलाई सुरक्षा प्रदान गरेका थिए।

भ्रमणका क्रममा प्रधानमन्त्री मोदी र राष्ट्रपति शेख मोहम्मद बिन जायदबीच द्विपक्षीय भेटवार्ता भएको छ। वार्तामा ऊर्जा सहकार्य तथा द्विपक्षीय व्यापारका विषयमा विशेष छलफल भएको बताइएको छ। पश्चिम एशियामा जारी द्वन्द्वका कारण विश्वव्यापी आपूर्ति प्रणालीमा परेको असरबीच यो भेटवार्ता भएको हो।

प्रधानमन्त्री मोदीले UAE माथि हालै भएका आक्रमणहरूको कडा शब्दमा निन्दा गर्दै त्यस्ता गतिविधि पूर्ण रूपमा अस्वीकार्य रहेको बताए bytes...। राष्ट्रपति शेख मोहम्मद बिन

जायदलाई “भाइ” भनेर सम्बोधन गर्दै उनले चुनौतीपूर्ण परिस्थितिमा यूएई नेतृत्वले देखाएको दृढता र संयमताको प्रशंसा गरे। साथै, वर्तमान विश्व परिस्थिति र संघर्षका बीच संवाद र कूटनीतिनै समाधानको एकमात्र माध्यम भएको उल्लेख गर्दै भारत यूएईको साथमा रहेको स्पष्ट पारे।

## सिक्किमको 51 राज्य स्थापना दिवसमा उपराष्ट्रपतिको सहभागिता हुने

भारतका उपराष्ट्रपति C. P. Radhakrishnan भोलि सिक्किम भ्रमणमा आउँदैछन्। उपराष्ट्रपति नियुक्त भएपछि उनको यो पहिलो सिक्किम भ्रमण हुनेछ।
भ्रमणका क्रममा उपराष्ट्रपति राधाकृष्णन गान्तोकमा आयोजना हुने सिक्किम राज्य स्थापना दिवस समारोहमा सहभागी हुने कार्यक्रम रहेको छ। गान्तोकस्थित मनन केन्द्रमा आयोजना हुने उक्त कार्यक्रममा सिक्किमका राज्यपाल Om Prakash Mathur, मुख्यमन्त्री Prem Singh Tamang तथा पूर्वोत्तर मामिला मन्त्री Jyotiradidya sindhiya सहभागी हुने सम्भावना रहेको छ।

## नीट–यूजी 2026 परीक्षा पुनः 21 जुन मा सञ्चालन हुने

केन्द्रीय शिक्षामन्त्री Dharmendra Pradhan ले विद्यार्थीहरू सरकारको प्राथमिकतामा रहेको र उनीहरूका विषयमा सरकार संवेदनशील रहेको बताएका छन्। आज नयाँ दिल्लीमा आयोजित पत्रकार सम्मेलनमा उनले राष्ट्रिय परीक्षा एजेन्सी (एनटीए) ले नीट–यूजी 2026 परीक्षा पुनः आगामी जुन 21 मा सञ्चालन गर्ने घोषणा गरेको जानकारी दिएका छन्।

उनका अनुसार परीक्षामा सहभागी हुने विद्यार्थीहरूलाई जुन 14 भित्र प्रवेशपत्र उपलब्ध गराइनेछ। साथै, हाल ओएमआर मोडमा सञ्चालन हुँदै आएको नीट–यूजी परीक्षा आगामी वर्षदेखि कम्प्युटर आधारित परीक्षण (सीबीटी) प्रणालीमार्फत सञ्चालन गरिने पनि उनले बताए। पत्रकाहरुलाई सम्बोधन गर्दै उनले थप भने....

शिक्षामन्त्री प्रधानले एनटीएमा ठोस सुधार आवश्यक रहेको उल्लेख गर्दै भविष्यमा कुनै पनि प्रकारका अनियमितता रोक्न परीक्षा प्रणालीलाई अझ सुदृढ बनाइने जानकारी दिए। योग्य

विद्यार्थीहरू नक्कली परीक्षार्थी वा शिक्षा माफियाको चलखेलका कारण आफ्नो अधिकारबाट वञ्चित हुन नपरोस् भन्ने सरकारको उद्देश्य रहेको उनले स्पष्ट पारेका छन्।।

## विश्वभर तेल महँगिँदा भारतमा पेट्रोल–डिजेलको मूल्य सीमित रूपमा वृद्धि भएको श्री रिजीजुको भनाई

संसदीय कार्यमन्त्री Kiren Rijiju ले पश्चिम एशियामा जारी द्वन्द्वपछि विश्वभर इन्धनको मूल्य बढे पनि भारतले तुलनात्मक रूपमा स्थिर अवस्था कायम राख्न सफल भएको बताएका छन्। सामाजिक सञ्जालमार्फत प्रतिक्रिया दिँदै उनले धेरै देशहरूमा पेट्रोल र डिजेलको मूल्य 20 प्रतिशतदेखि करिब 100 प्रतिशतसम्म बढाइएको अवस्थामा, भारतमा भने पेट्रोलको मूल्य केवल 3.2 प्रतिशत र डिजेलको मूल्य 3.4 प्रतिशत मात्र बढाइएको उल्लेख गरेका छन्।

उनले ब्रेन्ट कच्चा तेलको मूल्य प्रतिव्यारेल 100 डलरभन्दा माथि पुगेको र अन्तर्राष्ट्रिय बजारमा अस्थिरता देखिएको समयमा पनि भारतका सार्वजनिक क्षेत्रका तेल कम्पनीहरूले सर्वसाधारणलाई महँगी र आर्थिक दबाबबाट जोगाउन धेरै सातासम्म ठूलो घाटा व्यहोरेको बताएका छन्। मन्त्री रिजिजूले प्रधानमन्त्री Narendra Modi को नेतृत्वमा भारतले जनकल्याण र आर्थिक स्थिरताबीच सन्तुलन कायम गर्दै अघि बढिरहेको उनले दाबी गरेका छन्।

## S. Jaishankar

विदेशमन्त्री S. Jaishankar ले भारत प्रभावकारी बहुपक्षीय व्यवस्थाको लक्ष्य हासिल गर्न सबै साझेदार राष्ट्रहरूसँग मिलेर काम गर्न प्रतिबद्ध रहेको बताएका छन्। नयाँ दिल्लीमा जारी ब्रिक्स विदेशमन्त्रीहरूको बैठकको दोस्रो दिन आज आयोजित सत्रलाई सम्बोधन गर्दै उनले तीव्र रूपमा परिवर्तन भइरहेको विश्व परिवेशमा बहुपक्षीय सहकार्यलाई सुदृढ बनाउन सबै देशहरू एकजुट हुनुपर्नेमा जोड दिएका छन्।

उनले अन्तर्राष्ट्रिय वित्तीय संरचनामा तत्काल सुधार आवश्यक रहेको उल्लेख गर्दै वर्तमान विश्व वास्तविकतालाई प्रतिबिम्बित गर्ने तथा उदीयमान बजार र विकासशील राष्ट्रहरूको आकांक्षा सम्बोधन गर्ने बहुपक्षीय व्यवस्थाको पक्षमा भारत निरन्तर उभिँदै आएको बताए।

## प्रधानमन्त्रीको आह्वानपछि सर्वोच्च न्यायालयले इन्धन बचत उपायको गर्‍यो घोषणा

भारतको सर्वोच्च न्यायालयले आजदेखि इन्धन बचतका लागि विभिन्न उपायहरू लागू गर्ने घोषणा गरेको छ। यसअन्तर्गत निश्चित दिनहरूमा भर्चुअल सुनुवाइ सञ्चालन गर्ने, न्यायाधीशहरूबीच कार–पुलिङको व्यवस्था गर्ने तथा रजिस्ट्रीका 50 प्रतिशत कर्मचारीलाई घरबाटै काम गर्ने सुविधा प्रदान गर्ने निर्णय गरिएको छ।

इन्धनको खपत घटाउने केन्द्र सरकारको व्यापक प्रयासअनुरूप सर्वोच्च अदालतले यी कदम अघि बढाएको जनाएको छ। पश्चिम एशियामा जारी द्वन्द्वका कारण सिर्जित आर्थिक दबाबलाई ध्यानमा राख्दै प्रधानमन्त्री Narendra Modi ले नागरिक र संस्थाहरूलाई इन्धनको खपत घटाउन तथा अनावश्यक खर्च कम गर्न आह्वान गरेपछि अदालतले यस्तो निर्णय गरेको हो।

## सिक्किमको प्रसिद्ध चिया बगानको मन्त्री सिन्धियाले गरे भम्रण..

केन्द्रीय सञ्चार तथा पूर्वोत्तर क्षेत्रका विकास मन्त्री ज्योतिरादित्य सिन्धियाले आफ्नो सिक्किम भ्रमणको दोस्रो दिन सिक्किमको नाम्चीस्थित प्रसिद्ध तिमी चिया बगानको भ्रमण गरेका छन्। मन्त्रीले राज्यको एक मात्र चिया बगानमा श्रमिकहरूसँग अन्तर्क्रिया गर्दै समय बिताएको देखियो।

यस अवसरमा मन्त्रीले चिया टिप्ने र श्रमिकहरूसँग कुराकानी गर्दै सिक्किमको वैश्विक रूपमा प्रशंसित चिया विरासतको संरक्षणमा उनीहरूको अतुलनीय योगदानको कदर गर्दै खुशीको क्षण बिताए।

--------